नेपाल सरकार

संघिय मामीला तथा स्थानीय विकास मन्त्रालय

स्थानीय पुर्वाधार विकास तथा कृषी सडक विभाग (डोलीडार)

स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम (RTI SWAP)

श्रीमहल, पुल्चोक, ललितपुर
टेलिफोन नं. ०१-५५२६६२०, ०१-५५२३२८५
फ्याक्स नं. ०१-५५२३२८५

पत्र संख्या: २०७३/७४
चलानी नं. : २९

अत्यन्त जरुरी

मिति : २०७३।०५।१०

श्री जिल्ला विकास समितिको कार्यालय, सवै ७५ जिल्ला ।
श्री जिल्ला प्राविधिक कार्यालय, सवै ७५ जिल्ला ।

**विषय : जिल्लाको Road Inventory Status Update गरी पठाउने सम्वन्धमा ।**

उपर्युक्त सम्वन्धमा यस विभागका श्रीमान महा-निर्देशकज्यूको हस्ताक्षर सहितको प.सं. च.नं. १८२, मिति २०७३।०३।२२ को पत्र प्राप्त भै व्यहोरा अवगत गर्नु भएकै होला । उक्त पत्रमा उल्लेख भए अनुसार नेपाल अधिराज्यको स्थानीय सडक सञ्जालको तथ्याङ्क (Statistics of Local Road Network; SLRN 2016) तयार गर्न तहां जिल्लाको DRCN तथा Village Roads को List समेत संलग्न गरी Data हरु २०७३ आषाढ मसान्त सम्म भएको प्रगतिको आधारमा अद्यावधिक गरी २०७३ श्रावण २१ गते सम्ममा विभागको स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम (RTI SWAP) मा अनिवार्य रुपमा आई पुग्ने गरी पठाउनु हुन अनुरोध भएकोमा हालसम्म केहि जिल्लाहरुवाट मात्र प्राप्त हुन आएको छ । अत: Updated Road Inventory Data (DRCN र Village Roads) जिविस बैठकमा छलफल समेत गरी पठाउनका लागि अनुरोध भए अनुसारका Data प्राप्त नभएकोले यो पत्र लेख्ने काम भएको छ । सबै जिल्लाको संसोधित सडक बिबरण प्राप्त भए पश्चात २०७३ भाद्र महिना भित्रमा Statistics of Local Road Network, SLRN २०१६ प्रकाशन गरिने कार्यक्रम रहेकोले पत्र प्राप्त भएको मितिले ७ दिन भित्र उल्लेख भए अनुसारका Data हरु संलग्न फाराममा भरी पठाउनु हुन पुन: अनरोध गरिन्छ । साथै संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको तर्फबाट श्रीमान् सचिबज्यू र जिल्ला बिकास समितको तर्फबाट स्थानीय बिकास अधिकारीज्यू बीच भएको कार्य सम्पादन सम्झौतामा जिल्ला संजालको बिबरण प्रत्येक आ.ब.को अन्त्य सम्ममा प्रगतिको आधारमा संसोधित र परिमार्जन गरि पठाउने बुंदा समेत रहेकोले अनिवार्य रुपमा यस बुँदाको कार्यान्वयन गर्न समेत आदेशानुसार अनुरोध छ ।

साथै त्यस जिल्लाको आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकहरुको लिष्ट पनि यसैसाथ पठाइएको छ । ती सडकहरु DRCN/Village Roads संग भिडाई कुन कुन सडक DRCN/Village Roads भित्र पर्दछन् सो समेत एकिन गरी Hard र Soft Copy पठाउनु हुन अनुरोध छ । यस सम्वन्धमा थप केही वुझ्नु परेमा स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमको उल्लेखित फोन नं. वा इमेल rtiswap@gmail.com मा सम्पर्क गर्न र इमेलमा Hard र Soft Copy पठाउन सकिने व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु:**

१) DTMP को आधारमा तयार गरिएको Road Inventory र ती फाराममा Data भर्न खाली छोडिएको,
२) आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकहरुको लिष्ट

वोधार्थ :
श्रीमान महा-निर्देशकज्यू,
डोलिडार, श्रीमहल, पुल्चोक ।

...................................
(गंगा बहादुर बस्नेत)
कार्यक्रम संयोजक